नेपाल सरकार
# खानेपानी मन्त्रालय

फोन नं.: ४२११४३३
फ्याक्स: ९७७-१-४२११६९३
सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्र संख्याः-
चलानी नं.:-

## प्रेस विज्ञप्ति

२०७८ असार १ गते र तत्पस्चात मेलम्ची नदीमा आएको भिषण बाढी पहिरोबाट आयोजनाको हेडवर्क्स लगायतका संरचनामा ठूलो क्षति पुग्न गएको थियो। उक्त अप्रत्याशीत बाढी पहिरोबाट धेरै जनधनको क्षति र नियमित पानी आपूर्ति अवरुद्ध हुन पुगेको सर्वविदितै छ। नेपाल सरकारको घोषणा तथा सम्माननीय प्रधानमन्त्रीज्यूले राष्ट्रका नाममा गर्नुभएको सम्वोधन अनुसार नै २०७८ चैत्र मसान्त भित्र काठमाण्डौं उपत्यकामा पानी पुनः आपूर्ति गर्ने गरी मन्त्रिपरिषदबाट कार्ययोजना स्वीकृत गरी पुनर्स्थापनाका कार्यहरु प्रारम्भ गरिएको थियो। विभिन्न बाधा व्यवधानहरुका बावजुद पनि स्वीकृत कार्ययोजना अनुसार तोकिएको समयमा अर्थात चैत्र मसान्त भित्र नै मेलम्ची नदीको पानी पथान्तरण गरी काठमाण्डौं उपत्यकावासीलाई वितरण गर्न सफल भएका थियौं। यस वर्षको मनसुन भारतको केरलामा प्रवेश गरिसकेको र जल तथा मौसम विज्ञान विभागको प्रक्षेपण अनुसार अबको केही दिन भित्र नेपाल प्रवेश गर्ने अवस्था रहेको देखिन्छ। वर्षायाममा आउन सक्ने संभावित बाढी तथा पहिरोबाट अरबौंको लगानीमा निर्माण भएको मेलम्ची खानेपानी आयोजनाका संरचनाहरुलाई सुरक्षित गर्न अति आवश्यक भएकोले डाईभर्सन स्थलमा जडित पूर्व सचेतना प्रणाली (Early Warning System), मौसमविद एवम् विज्ञहरु समेतको सुझावको आधारमा सम्भावित प्राकृतिक प्रकोपको कारणले थप क्षती हुन नदिन मेलम्चीको पानी हाललाई बन्द गरिएको व्यहोरा जानकारी गराउँदछौं। यसबाट आम उपभोक्तामा पर्न जाने असुविधाप्रति नेपाल सरकार, खानेपानी मन्त्रालय क्षमाप्रार्थी छ।

मेलम्ची नदीबाट हाल दैनिक १७ करोड लिटर पानी वितरण हुंदै आएकोमा सो पानी बन्द भएपछि काठमाण्डौं उपत्यकावासीलाई खानेपानीको अभाव हुन नदिन बागमती नदीवाट दैनिक ४ करोड लिटर पानी आपूर्ति गरिदै आएकोमा थप करिब ६ करोड लिटर पानी बागमती नदीबाटै आपूर्तिको व्यवस्था गरिने र नपुग ७ करोड लिटर पानी स्थानीय सतह र भूमीगत श्रोतबाट गरी दैनिक जम्मा १७ करोड लिटर पानी वितरणको सुनिश्चितताको लागी मन्त्रालय प्रयासरत रहेको व्यहोरा सम्वन्धित सबैमा जानकारी गराउँदछौं।

वर्षायाम समाप्त हुने वित्तिकै पुनः पानी पथान्तरण गरी काठमाण्डौं उपत्यकावासीलाई वितरण गरिने प्रतिबद्धता व्यक्त गर्न चाहन्छौं। साथै दीर्घकालीन रुपमा हेडवर्क्सको मर्मत गरी दिगो रुपमा पानी आपूर्ति गर्ने सम्बन्धमा हाल एशियाली विकास बैंकको सहयोगमा तयार भएको अध्ययन प्रतिवेदनको आधारमा कार्ययोजना बनाई बर्षायाम सकिने वित्तिकै कार्यान्वयन गरिनेछ। काठमाण्डौं उपत्यकामा खानेपानीको समस्याको दिगो समाधानको लागि यांग्री, लार्के, सिस्नेरी, ठोस्ने खोला, महादेव खोला लगायतका सम्भाव्य सबै श्रोतहरुबाट पानी उपलब्ध गराउनका लागि कार्यक्रमहरु क्रमशः कार्यान्वयन गरिने छ।

अन्त्यमा क्षतिग्रस्त मेलम्ची खानेपानी आयोजनाका संरचनाहरुको अति आवश्यक मर्मत गरी पानी आपूर्ति गर्ने कार्यमा उल्लेखनीय भूमिका निर्वाह गर्ने मेलम्ची खानेपानी विकास समिति, मन्त्रालय अन्तर्गतका निकायहरु तथा राष्ट्र सेवक कर्मचारीहरु, परामर्शदाता एवं विज्ञहरु, निर्माण व्यवसायीहरु, सम्वन्धित स्थानीय तह, स्थानीयबासी, संचारकर्मी, संघ संस्था एवम् सम्पूर्ण सरोकारवालाहरु सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं। जय नेपाल।।

मितिः- २०७९/०२/१८

मा. उमाकान्त चौधरी
मन्त्री
खानेपानी मन्त्रालय